बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

आर्थिक बर्ष : २०८३/८४

बैठक संख्या :४

आज मिति २०८३/०६/०८ गते बिरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवरज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

| दस्तखत | पदाधिकारी | गाउँपालिका/ वडा नं | नाम,थर |
|---|---|---|---|
| | अध्यक्ष | गाउँपालिका | श्री सूर्य बहादुर कुवँर |
| | उपाध्यक्ष | गाउँपालिका | श्री भगवती शर्मा |
| | वडा अध्यक्ष | १ नं | श्री राजेन्द्र कुमार के .सी. |
| | वडा अध्यक्ष | २ नं | श्री नोम बहादुर गुरुङ |
| | वडा अध्यक्ष | ३ नं | श्री मनुकुमारी राना |
| | वडा अध्यक्ष | ४ नं | श्री मुक्त बहादुर गुरुङ |
| | वडा अध्यक्ष | ५ नं | श्री डन बहादुर थापा |
| | वडा अध्यक्ष | ६ नं | श्री कृष्णबहादुर क्षेत्री |
| | वडा अध्यक्ष | ७ नं | श्री मेखराज गुरुङ |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री कुशुम देवी शर्मा श्रेष्ठ |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री र माया गुरुङ |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री दुर्मा देवी थापा |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री इन्दिरा पोखेल |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री पाल सिं विश्वकर्मा |
| | कार्यपालिका सदस्य | गाउँपालिका | श्री कोपिला वि.क. |
| | नि.प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिका | श्री ~~पर्शुराम उपाध्याय~~ [illegible] थापा |
| | सहायक प्रशासकीय अधिकृत | गाउँपालिका | श्री दिपक ढुंगाना |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| दाम ब. राना | कार्यबहाक वडा अध्यक्ष | ८ नं. | श्री दाम बहादुर राना मगर |
| | सूचना प्रविधि अधिकृत | गाउँपालिका | श्री ध्रुव अर्याल |
| | सहायक लेखा अधिकृत | गाउँपालिका | श्री शंकर चापागाई |

गाउँ कार्यपालिका बैठक कार्यसूची (२०८३/०६/०८)

| सि.नं. | प्रस्ताव | प्रस्तावक शाखा/ पदाधिकारी | निर्णण भएको/नभएको |
|---|---|---|---|
| १. | मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रमको प्रस्तावना र साझेदारी सम्बन्धमा । | प्रशासन शाखा | |
| २. | स्वास्थ्य शिविर सञ्चालन सम्बन्धमा । | स्वास्थ्य शाखा | |
| ३. | खरको छाना विस्थापन कार्यक्रमको लाभग्राही छनौट सम्बन्धमा । | योजना शाखा | |
| ४. | पूर्वाधार साझेदारी कार्यक्रम कार्यान्वयनको लागि योजना छनौट सम्बन्धमा (साझेदारीमा सामुदायिक भवन निर्माण) | योजना शाखा | |
| ५. | विपद् पुर्वतयारी र प्रतिकार्य सम्बन्धमा | प्रशासन शाखा | |
| ६. | सडक मापदण्ड संशोधन सम्बन्धमा । | प्राविधिक शाखा | |
| ७. | अस्पताल संचालन अनुदान सम्बन्धमा । | स्वास्थ्य शाखा | |
| ८. | विविध<br>•<br>• | | |

सूर्य बहादुर कुँवर
अध्यक्ष

मिति :२०८३/०६/०८

निर्णय नं. १.

गण्डकी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०८२/०६/०२ गते प्रकाशित नवप्रवर्तन साझेदारी परियोजना संचालनका लागि अवधारणा पत्र पेश गर्ने सम्बन्धि सूचना बमोजिम नवप्रवर्तन साझेदारी परियोजना संचालन कार्यविधि, २०८२ को अनुसूची — २ बमोजिमको ढाँचामा बालमैत्री, समावेशि शिक्षा तथा मातृ स्वास्थ्य सुधार कार्यक्रम शिर्षकमा अवधारणापत्र तयार गरी पेश गर्ने र नियमानुसार उक्त परियोजना कार्यान्वयनको लागि आवश्यक पर्ने रकम गाउँपालिकाको तर्फबाट पालिका साझेदारी गर्ने सर्वसहमतिले निर्णय गरियो । उक्त परियोजना कार्यान्वयनका लागि शिक्षा अधिकृत गिरीराज रोका मगरलाई सम्पर्क व्यक्तिको रुपमा चयन गर्ने निर्णय गरियो ।

निर्णय नं. २.

क. लिटिल स्टेप युवा बिरुवा ८ ले बिरुवा ८ मोचाबारीमा स्वास्थ्य शिविर सञ्चालनको लागि अनुमती माग गरेकोमा यस अघि नवोदय क्लब बिरुवा ४ लाई शिविर सञ्चालनको लागि अनुमती प्रदान गर्दा मिति २०८३/०६/०२ गते सञ्चालन भएको शिविरमा एक जना मात्र विषेशज्ञ रहेको तथा पर्याप्त सेवा सुविधा नभएको भनी जन गुनासो समेत प्राप्त भएकोमा कम्तीमा ३ जना विशेषज्ञ सहितको सेवा प्रदान हुने गरी माग भएको अवस्थामा बाहेक स्वास्थ्य शिविर सञ्चालनको लागि कोहि कसैलाई पनी अनुमती प्रदान नगर्ने निर्णय गरियो ।

ख. विएम फाउन्डेसन, विपि आई हस्पिटल, टिपिवि फाउन्डेसन र केयर ब्लाईडनेस सँगको समन्वयमा तपसिल बमोजिमको आँखा परिक्षण तथा मोतियाविन्दुको शल्यक्रिया शिविर सञ्चालन गर्ने र उक्त शिविर सञ्चालन गर्दा लाग्ने स्वास्थ्य कर्मीको गाडी भाडा, खाना खाजा, गाडी भाडा र अपरेसन गर्ने विरामिलाई बिरुवा आधारभुत अस्पताल सम्म लैजानको लागि लाग्ने गाडी भाडा गाउँ पालिका स्तरीय योजना तथा कार्यक्रमको सि. नं. ५४ को कार्यक्रम शिर्षकबाट भुक्तानी हुने गरी पालिकाले बेहोर्ने निर्णय गरियो ।

तपसिलः

अ. मिति- २०८३/०६/२१ गते- कुशुमभञ्याङ्ग आधारभुत स्वास्थ्य सेवा केन्द्र, बिरुवा-७ र भिरकोट स्वास्थ्य चौकी, बिरुवा-८

आ. मिति- २०८३/०६/२२ गते- अर्चलेभञ्याङ्ग आधारभुत स्वास्थ्य सेवा केन्द्र, बिरुवा-२ र किचनास स्वास्थ्य चौकी, बिरुवा-५

इ. मिति २०८३/०६/२३ र २४ गते- बिरुवा आधारभुत अस्पताल, बिरुवा-६

निर्णय नं. ३

बिरुवा गाउँपालिकाको आ.व. २०८३/८४ को लागि स्वीकृत वार्षिक योजना तथा कार्यक्रमको सि.नं. १०२ मा रहेको खरको छाना विस्थापन कार्यक्रम कार्यान्वयनकालागि पालिकाबाट सूचना

सूर्य बहादुर कुँवर
अध्यक्ष

बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७

प्रकाशन गरी तोकिएको म्याद समाप्त भएकोमा पुन ७ दिनको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

बिरुवा गाउँपालिकाको आ.व. २०८३/८४ को लागि स्वीकृत वार्षिक योजना तथा कार्यक्रममा रहेको पूर्वाधार साझेदारी कार्यक्रम (साझेदारीमा सामुदायिक भवन निर्माण)को लागि प्रकाशित सूचनाको म्याद भित्र रित पुर्वका पेश भएका तपसिलका योजनाहरुमा निम्नानुसारको रकम रहने गरी योजना छनौट गर्ने निर्णय गरियो ।

तपसिल

| पुर्वाधार साझेदारी कार्यक्रम-2083 मा पेश भएका आवेदनहरु | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र. स. | प्रस्ताव पेश गर्ने संस्थाको नाम | प्रस्ताव पेश गर्ने संस्थाको ठेगाना | योजनाको नाम | माग गरीएको रकम | | | कै. |
| | | | | जम्मा | पालिका | संस्था साझेदारी | |
| १ | कोखे बाँहु आमा समूह | बिरुवा-४, कोखे | कोखे बाँहु आमा समूह भवन निर्माण | ३००००० | १८०००० | १२०००० | |
| २ | बिरुवा नव जागरण आमा समूह | बिरुवा-१, च्याङ्नास | बिरुवा नव जागरण आमा समूह भवन निर्माण | ४५०००० | २७०००० | १८०००० | |
| ३ | मालमुल मिलिजुलि आमा समूह | बिरुवा-१, मालमुल | मालमुल मिलिजुलि आमा समूह भवन निर्माण | २३५००० | १४१००० | ९४००० | |
| ४ | सिर्जनशिल आमा समूह | बिरुवा-६ | सिर्जनशिल आमा समूह भवन निर्माण | ३२०००० | १९२००० | १२८००० | |
| ५ | कालिका देवी आमा समूह | बिरुवा-७ | कालिका देवी आमा समूह भवन निर्माण | ५५०००० | ३३०००० | २२०००० | |
| ६ | सितल आमा समूह | बिरुवा-८ | सितल आमा समूह भवन निर्माण | ९००००० | ५४०००० | ३६०००० | |

सूर्य बहादुर कुँवर
अध्यक्ष

बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७४

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | वि.पि. स्मृती भवन निर्माण उ.स. | बिरुवा-१ | वि.पि. स्मृती भवन निर्माण | ७००००० | ४२०००० | २८०००० | |
| ८ | मिलन क्लब | बिरुवा-४ | मिलन क्लब बहुउदेश्शीय भवन निर्माण | ४००००० | २४०००० | १६०००० | |
| ९ | श्री देवी आमा समूह | बिरुवा-१ | श्री देवी आमा समूह भवन निर्माण | २५०००० | १५०००० | १००००० | |
| १० | श्री बराह चण्डी आमा समूह | बिरुवा-३ | खाङराङ आमा समूह भवन निर्माण | ६००००० | ३६०००० | २४०००० | |
| ११ | दिव्य ज्योती आमा समूह | बिरुवा-७ | दिव्य ज्योती आमा समूह भवन निर्माण | ९००००० | ५४०००० | ३६०००० | |
| १२ | न्यू जनजागृती आमा समूह | बिरुवा-५ | न्यू जनजागृती आमा समूह भवन निर्माण | २००००० | १२०००० | ८०००० | |
| १३ | सात कन्या आमा समूह | बिरुवा-२ | सात कन्या आमा समूह भवन निर्माण | ४००००० | २४०००० | १६०००० | |
| १४ | धरादी गाउँ सुधार समिति | बिरुवा-६ | धरादी समाज भवन निर्माण | ३००००० | १८०००० | १२०००० | |
| १५ | लालिगुरास आमा समूह | बिरुवा-७ | लालि गुरास आमा समुह भवन निर्माण | ६५०००० | ३९०००० | २६०००० | |
| १६ | कोखे मगर समाज भवन निर्माण उ.स. | बिरुवा-४ | कोखे मगर समाज भवन निर्माण | ५००००० | ३००००० | २००००० | |
| १७ | खुदी तमु समाज | बिरुवा-४ | खुदी समाज भवन निर्माण | ३००००० | १८०००० | १२०००० | |
| | जम्मा | | | ७९५५००० | ४७७३००० | ३१८२००० | |

सूर्य बहादुर कुँवर
अध्यक्ष

**निर्णय नं. ५**

मिति २०८३/०६/०९ देखि ११ गते सम्म भारि वर्षाको सम्भावना भएको भनी मौसम पूर्वानुमान माहशाखा बाट पूर्वानुमान भएको र उक्त अवधिमा बिरुवा-३ खाङराङमा उच्च जोखिममा राखि जिल्ला प्रशासन कार्यालयबाट लेखि आएकोमा उक्त स्थान लगायत पालिका भर विपद् पुर्वतयारी तथा प्रतिकार्य र सचेतना गर्ने र मिति २०८३/०६/०९ गते पालिका भरिका विद्यालयमा १ दिन स्थानीय विदा दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

तपसिल बमोजिम बिरुवा गाउँ पालिकाको सडक तथा नदी, खोल्सा मापदण्ड संशोधन गर्ने निर्णय गरियो ।

**तपसिल**

**सडक र त्यसका क्षेत्राधिकारहरु**

| क्र.सं. | सडकहरुको नाम | सडकको कुल क्षेत्राधिकार |
|---|---|---|
| • जिल्ला सडकहरु (A) | | |
| १ | राङ्खोला-धोवादी-बिरुवा सडक | २० मिटर |
| २ | घुम्ती चिसापानी सडक (बिरुवा खण्ड) | |
| • ज्याग्दी करिडोर (A) | | |
| १ | बिरुवा-गोपाले हुँदै सालडाँडा सम्म | २० मिटर |
| २ | बिरुवा-भुवान-गैरी सडक | |
| • गाउँपालिका केन्द्र देखि वडा केन्द्र जोड्ने तथा अन्य मुख्य सडकहरु (B) | | |
| १ | बिरुवा-ललांग-तर्ले-कुशुमभन्ज्यांग-बसेनी सडक | १२ मिटर |
| २ | भुवान-चिन्नेबास बजार हुँदै राम्कीथुम्की सडक | |
| ३ | बेलघारी मेथाभुरुंग सपौदे तलाथोक सडक | |
| ४ | कुसुमभन्ज्यांग-गैरीस्वारा-टोड्के-ललांग सडक | |
| ५ | नवज्योति मा.बि.-दहपोखरी सडक | |
| ६ | भन्ज्यांग-बांहू-बिरुवा सडक | |
| ७ | तल्लो सिखरसिंह मिलनचोक सडक | |
| ८. | राउसेघाट-मालमुल-बराहखोला सडक | |
| ९. | रहखोला मिलनचोक बगारीबोट सडक | |
| • वडा केन्द्र जोड्ने सडकहरु (B) | | |

सूर्य बहादुर कुँवर
अध्यक्ष

| | | |
|---|---|---|
| १ | भालुथुम्का देखि केवा सडक | |
| २ | माथिल्लो बलेउ-तल्लो बलेउ-भालुखोला-राम्कीथुम्की सडक | |
| ३ | स्यांग्दी-छत्रेआम-धरादी-आमडाँडा-लेवा सडक | |
| ४ | भासीपोखरी-मेथाभुरुंग सडक | |
| ५ | अर्चले-गाबूडाँडा-आर्केकोट-बिरुवा सडक | १० मिटर |
| ६ | धोवादी-खाली-बिरुवा सडक | |
| ७ | खुदी-घोप्टे-कोखे सडक | |
| ८ | खत्री गाउँ-सरांगसे सडक | |
| ९ | पाटने-औसेलुस्वारा-घोप्टे सडक | १० मिटर |
| १० | श्रीडाँडा गौखा तुल्सिचौर दारा फुस्लुंगखोल्सी सडक | |
| ११ | खाली-खाङराङ् सडक | |
| १२ | सानाबांग-मडकिना सडक | |
| १३ | धोवादी-राङभाङ सडक | |
| १४ | चिन्नेबास-क्वादी-सुरुंग-माथिल्लो बलेउ सडक | |
| • अन्य सडकहरु (C) | | |
| | माथि उल्लेखित बाहेकका अन्य सडकहरु | ६ मिटर |

## कुलो र त्यसका क्षेत्राधिकारहरु

| | | |
|---|---|---|
| १. | पक्कि कुलो | २ मिटर (किनारबाट) |
| २. | कच्ची कुलो | १.५ मिटर (किनारबाट) |

## खोला तथा खोल्सा र त्यसका क्षेत्राधिकारहरु

| क्र.सं. | खोला तथा खोल्साको नाम | कुल क्षेत्राधिकार (किनारबाट) |
|---|---|---|
| १. | ज्याग्दी खोला | ३० मिटर |
| २. | म्याङ खोला | २० मिटर |
| ३. | बास्तारा खोला | २० मिटर |
| ४. | अन्य खोलाहरु | १५ मिटर |
| ५. | अन्य साना खोल्साहरू | ८ मिटर |

नोटः

सूर्य बहादुर कुँवर
अध्यक्ष

बिरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

- आवासीय भवनको हकमा १.५ मिटर तथा ब्यापारिक भवनको हकमा २ मिटर सेटब्याक छाड्नुपर्ने छ ।
- सार्बजनिक जग्गाहरुको हकमा २ मिटर सेटब्याक छाड्नुपर्ने छ ।

<u>निर्णय नं. ७</u>

बिरुवा गाउँपालिका वडा नं. ६ मा रहेको हेल्लपिङ्ग हेन्ड सँगको सम्झौता बमोजिम यस गाउँपालिकामा हस्तान्तरण भई मिति २०८२/०८/२१ मा समुउदघाटन गरी मेडिकल अधिकृत सहितको स्वास्थ्यकर्मीहरुबाट बिरुवा गाउँपालिका, चापाकोट नगरपालिका, हरिनास गाउँपालिका र बालिङ्ग नगरपालिका स्थानीय नागरिकहरुलाई स्वास्थ्य सेवा नियमित रुपमा प्रवाह भएको र गाउँपालिकाबाट अस्पताल सञ्चालनको लागि बजेट अभाव भएको हुँदा नेपाल सरकार स्वास्थ्य तथा खाद्य सूरक्षा मन्त्रालयमा बिरुवा आधारभुत अस्पताल सञ्चालन अनुदान माग गर्ने निर्णय गरियो ।

सूर्य बहादुर कुँवर
अध्यक्ष